# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०५।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका १० नं. वडा कार्यालयका वडा सचिव(नायव सुब्बा) बिदुर रेग्मीले होटल दर्ता प्रमाण-पत्र बनाइदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.१३,०००।-(तेह्र हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा इटहरी उपमहानगरपालिका वडा नं. ६, पश्चिम लाइनस्थित रोज रक मम घर नामक होटलबाट मिति २०७५।०५।०१ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता